# कन्दमूल तरकारी विकास केन्द्र, सिन्धुलीको लागि कार्यसम्पादन सम्झौता

सम्झौता कार्यान्वयन गर्ने- **विनोद कुमार साह पद: वरिष्ठ तरकारी विकास अधिकृत**

सेवा- नेपाल कृषि

समुह- बागवानी
श्रेणी- रा.प. द्वि..(प्रा)
विभाग- कृषि
समिक्षा गर्ने अवधि- अर्ध वार्षिक तथा वार्षिक

## १. पृष्ठभूमि

कृषि क्षेत्र नेपालको समग्र आर्थिक विकासको आधारशिलाको रूपमा रहेकोले कृषिको व्यवसायिकरण तथा विविधिकरणको माध्यमबाट मात्र दिगो एंव सन्तुलित विकासको परिकल्पना गर्न सकिन्छ। कृषिलाई विविधिकरण गरेर व्यवसायिकरणमा रूपान्तरण गर्दै खाध्य सुरक्षाको सुनिश्चितता र गरिबी निवारणमा योगदान गर्ने कन्दमूल तरकारी बाली विकासको लागि कृषि विभाग अन्तरगत रहेका बिभिन्न विषयगत निर्देशनालयहरूमध्ये तरकारी विकास निर्देशानालय अन्तरगतको राष्ट्रिय स्तरमा वि.सं. २०३१ सालमा कन्दमूल तरकारी विकास केन्द्र, सिन्धुलीको स्थापना भएको हो। यस कार्यक्रमको स्थापना भएपछि कन्दमूल तरकारी संकलन संरक्षण र सम्वद्र्धन गरि उपयुक्त जातीय छनोट तथा विकास विस्तार, उच्च गुणस्तरका फलफूलका विरुवा, तरकारी बीउ बेर्नाहरु उत्पादन, बिक्री वितरण गर्ने,
सिन्धुली र रामेछाप जिल्लाका कृषकहरुलाई कन्दमूल तरकारी एवं फलफूल (विशेषत: जुनार) खेतीमा प्राविधिक सेवा पुर्‍याउने, कन्दमूल तरकारी एवं फलफूलमा उत्पादन, भण्डारण तथा प्रशोधन सम्बन्धि प्रविधि विकास गर्ने आदि कार्य गर्दै आईरहेको छ ।

## २. समस्या, चुनौति तथा अवसर

देशमा तरकारीको मागको ठूलो हिस्सा स्वदेश बाटै उत्पादन हुने तथा केहि विदेशबाट आयातमा निर्भर रहेको वर्तमान सन्दर्भमा देशमानै तरकारीको गुणस्तरीय उत्पादन अभिवृद्धिमार्फत निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनको प्रचुर सम्भावना नै यस क्षेत्रको मुख्य अवसर हो । गुणस्तरीय श्रोत बीउ बेर्ना लगायत अन्य कृषि उत्पादन सामग्रीहरुको समयमै उपलब्धता नहुनु, कतिपय उदीयमान तरकारी बालीहरुको प्रविधिहरु उपलब्ध नहुनु, फार्म केन्द्रमा खटाईने जनशक्तिलाई वृत्ति विकास अवसर अत्यन्तै न्यून हुनु, यस क्षेत्रमा अनुसन्धान कम हुनु, दक्ष जनशक्तिको कमी लगायतका समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

## ३. कार्यसम्पादन सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने कार्यहरु (आ.व २०७३/७४)

यस केन्द्रले तल उल्लेखित कार्यहरुलाई प्रभावकारी, किफायती र विवेकपूर्ण ढंगबाट सम्पादन गर्ने अपेक्षा गरिएको छ । कार्यान्वयनको लागि स्वीकृत वार्षिक कार्यक्रमको परिधिभित्र रही लक्ष्यहरु तय गरिएको छ । लक्ष्य र सूचक तल उल्लेख भए बमोजिम हुनेछ ।

बार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन मूल्यांकनको सुचकाङ्क

| क्र.सं. | सूचकहरु | इकाई | वार्षिक लक्ष्य | बार्षिक प्रगित | हासिल गर्नुपर्ने न्यूनतम | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | भौतिक प्रगति | % | १०० | | ८० | | |
| २ | भारित प्रगति | % | १०० | | ८० | | |
| ३ | वित्तिय प्रगति | % | १०० | | ७५ | | |
| ४ | बेरुजु फर्छ्यौट | % | १०० | | ५० | | |
| ५ | बेर्ना बिरुवा उत्पादन<br>• तरकारी<br>• फलफूल | संख्या | १००००<br>१२६०० | | ८० % भौतिक प्रगति | तरकारी बाली खेतीको क्षेत्रफल तथा उत्पादनमा बृद्धि<br>फलफूल खेतीको क्षेत्रफल तथा उत्पादनमा बृद्धि | |
| ६ | कन्दमूल तरकारी जर्मप्लाज्म संकलन तथा सम्वर्धन | संख्या | २० | | १००% भौतिक प्रगति | जातीय विकास एवं जैविक विधिता संरक्षण सम्वर्धनमा सहयोग | |
| ७ | तरकारी तथा घुम्ती तथा स्कुल हर्टिकल्चर तालिम | पटक | १२ | | ८० % भौतिक प्रगति | कृषकहरुको चेतना, ज्ञान र सीप र व्यवहारमा परिवर्तन | |
| ८ | श्रोत बीउ उत्पादन<br>• तरकारी | के.जी | १८० | | ८० % भौतिक प्रगति | बीउमा आत्मनिर्भर उन्मूख भै क्षेत्रफल तथा उत्पादनमा बृद्धि | |
| ९ | कन्दमूल तरकारी प्रसारण सामाग्री वितरण | संख्या | ५०० | | ८० % भौतिक प्रगति | कृषकहरु कन्दमूल तरकारी खेतीप्रति आकर्षित हुने | |

**४. सुशासन, कार्यालय व्यवस्थापन तथा सिर्जनात्मक कार्यसम्बन्धि सुचकाङ्क**

| सि.नं. | सूचकहरु | हासिल गर्नुपर्ने न्यूनतम |
|---|---|---|
| १ | सूचनाको हक सम्वन्धि | फार्म केन्द्र सम्बन्धि सूचनाहरु द्वैमासिक (न्यूनतम् चौमासिक रुपमा) त.वि.नि.मा पठाउने र निर्देशनालयको वेवसाईटमा अध्यावधिक गर्ने । |
| २ | स्टाफ बैठक तथा निर्णय कार्यान्वयन | कार्यक्रम कार्यान्वयन तथा तालुक निकायको निर्णय कार्यान्वयनका लागि महिनाको कम्तिमा १ पटक स्टाफ बैठक हुने र सो अनुसार कार्यान्वयन हुने । |
| ३ | लिलाम सम्वन्धि कारवाही | लिलाम सम्वन्धि कारवाही कम्तिमा १ पटक भएको हुने । |
| ४ | बेरुजु सम्वन्धि | कम्तिमा ५० प्रतिशत बेरुजु फछ्यौट भएको हुने । |

| | | |
|---|---|---|
| | कर्यालय व्यवस्थापन एवं कार्यालय परिसरको सरसफाइ | कार्यालय डेस्क स्थापना भएको हुने ।<br>सबै स्टाफहरुको जिम्मेवारी तोकिएको हुने ।<br>कार्यालय परिसरमा फुलवारी व्यवस्थापन तथा आन्तरिक सरसफाई नियमित हुने । |
| ६ | गुनासो फर्छ्यौट | फार्मकेन्द्र सम्वन्धि प्राप्त गुनासाहरुकोको समयभित्रै प्रभावकारी फर्छ्यौट हुने । |
| ७ | तरकारी विकास सम्वन्धि सोचपत्र (Concept Note) तयार गर्ने । | सम्बन्धित फार्म केन्द्र सम्वन्धि देखिएका समस्या, चुनौति तथा फार्मकेन्द्रको विद्यमान संस्थागत सुधारका लागि एक फार्म केन्द्र विकास सोचपत्र (अंग्रेजी वा नेपाली मध्ये एक भाषामा) तयार हुने । यसले भविष्यमा फार्म केन्द्र विकासका लागि संभावित मार्ग प्रशस्त गर्नेछ । |
| ८ | नागरिक वडा-पत्र | फार्मकेन्द्रबाट प्रदान हुने सेवा प्रवाह सम्बन्धि जानकारी उपलब्ध हुने र अध्यावधिक गर्ने । |
| ९ | फार्म ले-आउट (Farm Layout) तयार | फार्म लेआउट (Farm Layout) नभएको खण्डमा तयार हुने र विगतमा भएको लेआउट अध्यावधिक हुने । |

## ५. लक्ष्य हासिल गर्नका लागि कार्य सम्पादन गर्न आवश्यक पर्ने बजेट, जनशक्ति र अन्य साधन श्रोत

बजेट ०ः रु.१२४.३५ लाख

कार्यक्रममा उल्लेख भएका लक्ष्य हासिल गर्नका लागि थप जनशक्तिको आवश्यकता नपर्ने भए तापनि उल्लेखित लक्ष्य बाहेकका अन्य आवश्यक कार्यक्रम संचालन गर्नुपर्दा थप बजेट र जनशक्ति आवश्यक पर्नसक्ने।

## ६.कार्यसम्पादन सम्झौता अवधि र मूल्यांकन नतिजा

सम्झौताको अनुगमन अर्ध बार्षिक र बार्षिक रुपमा तरकारी विकास निर्देशनालय, कृषि विभाग तथा कृषि विकास मन्त्रालयबाट हुनेछ। मूल्याङ्कन गर्ने प्रयोजनका लागि फार्म प्रमुखले प्रत्येक माघ महिनाको ७ गते र श्रावण महिनाको १५ गते भित्र सम्झौता अनुसार सम्पन्न गरेका कार्यहरू उल्लेख गरिएको विवरण त. वि. नि. मा मा पठाउनु पर्नेछ। माघमा प्रास प्रतिवेदनको आधारमा गरिने मूल्याङ्कन कार्य र प्रगतिको सामान्य समिक्षा र अर्धवार्षिक मूल्याङ्कन प्रयिजनका लागि उपयोग गरिने छ। आर्थिक वर्षको अन्त्यमा वा श्रावन महिनामा गरिने मूल्यांङ्कनलाई कार्यम्पादन मूल्याङ्कन फारममा अङ्क दिने प्रयोजनको लागि समेत उपयोग गरिने छ। साथै,

१.तोकिएको लक्ष्यको ९० प्रतिशतभन्दा बढी उपलव्धी हासिल गर्ने पदाधिकारीलाई निजामति सेवा पुरस्कार, वैदेशिक भ्रमण वा अध्ययन वा अन्य प्रोत्साही पुरस्कारको मनोनयनमा प्राथमिकता दिईनेछ।

२.तोकिएको लक्ष्यको ८० प्रतिशतभन्दा माथि उपलव्धी हासिल गर्ने पदाधिकारीलाई सोही पदमा निरन्तरता दिन सकिनेछ।

कार्यसम्पादन मूल्याङ्कन सूचकहरुको पुष्ट्याइका श्रोतहरु

मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन, सम्वद्ध निकायका तथ्यांकहरू तथा अनुगमन निरिक्षण प्रतिवेदनहरु।

८.कार्यसम्पादन सम्झौता रद्ध गर्न सकिने अवस्थाहरु

- सम्झौता अवधिमानै सम्वन्धित व्यक्ति सरुवा भइ अन्यत्र गएमा।
- कावुभन्दा वाहिरको परिस्थिति जस्तो लामो वन्द हड्ताल तथा प्राकृतिक प्रकोप आदिका कारण निर्धारित लक्ष्यहरु प्राप्त हुन नसक्ने अवस्था भएमा।
- नेपाल सरकारको निर्णय अनुसार नया सांगठनिक संरचना निर्माण भएमा।
- दरवन्दीको ६६ % भन्दा कम कर्मचारी पदपूर्ति भएमा।

९. कार्यसम्पादन सम्झौता कार्यान्वयनका लागि आवश्यक अधिकारहरु

- आफ्नो निकायलाई आवश्यक पर्ने वजेट विनियोजन।
- आफू अन्तरगतका निकायहरुले कार्य सम्पन्न र कार्न्यन गरे नगरेको अनुगमन गरी नीति नियम विपरित भए गरेको देखिएमा कारवाही गर्ने गराउने।
- आफू मातहतका जिम्मेवार विशेष कामको कर्मचारीहरुको सरुवामा सहमति हुनुपर्ने तर बदलामा अर्को कर्मचारी व्यवस्था भएमा सहमति जरुरी पर्ने छैन ।

१०. कार्यसम्पादन सम्झौता शर्तहरु

- उल्लेखित कार्यक्रमहरु संचालनका लागि आवश्यक वजेट समयमै विनियिजन हुनुपर्ने।
- कार्यसम्पादन चुस्त र दुरुस्त गर्नाका लागि कतिपय निर्णय गर्ने अधिकार दिइनु पर्ने।
- सरुवा गर्दा मौज्जुदा अवस्थको पद रित्त नहुने गरी व्यवस्थापन हुनुपर्ने ।

कन्दमूल तरकारी विकास केन्द्र, सिन्धुलीको वरिष्ठ तरकारी विकास अधिकृत श्री **विनोद कुमार साह** उपलब्ध साधन श्रोतको उच्चतमा उपयोग गरी माथि उल्लेख भए वमोजिमको लक्ष प्राप्त गर्नेछु भनी निजामती सेवा ऐन, २०४९ को दफा १५(२) एवं निजामति सेवा नियमावली, २०५० को नियम ३४ ख २ तथा सुशासन (व्यवस्थापन तथा

संचालन) ऐन, २०६४ को दफा १९ मा भए बमोजिम यो कार्यसम्पादन सम्झौता अनुसार लक्ष्य हासिल भएमा वा हुन नसकेमा मेरो कार्यसम्पादन प्रभावित हुन्छ र पुरस्कार वा दण्ड सजाय हुन्छ भन्ने कुरामा म राम्ररी परिचित छु ।

| | |
|---|---|
| .................................. | .................................. |
| विनोद कुमार साह | डा. गोविन्द प्रसाद शर्मा |
| काम प्रबन्धक | कार्यक्रम निर्देशक |
| मिति :२०७३/४/३१ | मिति :२०७३/४/06 |

विनोद कुमार शाह
वरिष्ट कन्दमुल विकास अधिकृत

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
तरकारी विकास निर्देशनालय
कन्द. त तरकारी विकास केन्द्र
सिन्धुली